मन्थली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल
फोन नं. ०४८-५४०११२
०४८-५४०५३२

पत्र संख्या :-
चलानी नं. :-

## आधारभूत तह(१-५ )को शिक्षक सेवा आयोग तयारी कक्षा सम्बन्धी सूचना !!

**दोस्रो पटक सूचना प्रकाशित मिति : २०८०/०८ /०५**

आ. व. २०८०/०८१ को मन्थली नगरपालिकाको स्वीकृत कार्यक्रम भित्र बिनियोजन भएको शीर्षकवाट संचालन हुने गरि बढीमा ५० जना सहभागीको लागि आधारभूत तह (१-५ ) को पाठ्यक्रममा आधारित रही **शिक्षक सेवा आयोग तयारी कक्षा को प्रथम पत्र संचालन** हुने भएकोले यो सूचना प्रकाशित मितिले १० दिन अर्थात ( २०८० मंसिर १४ गते सम्म) अनलाईन तयारी कक्षामा सहभागी हुन चाहने व्यक्तिले तपसिल बमोजिम दुई प्रति पासपोर्ट साईजको फोटो र कागजात सहित निवेदन पेश गर्नुहुन दोस्रोपटक सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१. शिक्षक सेवा आयोग तयारी अनलाईन वा रेकर्डेड रूपमा निशुल्क संचालन हुनेछ ।

२. तयारी कक्षा कार्यालय समय वाहेक बिहान वा बेलुकी एक पटक संचालन हुनेछ ।

३. तयारी कक्षामा सहभागीले न्युनतम १०+२ वा सो सरहको शैक्षिक योग्यता प्राप्त गरेको , उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनु पर्नेछ र सम्बन्धित तहको **अध्यापन अनुमतिपत्र अनिवार्य प्राप्त गरेको** हुनुपर्नेछ ।

४. तयारी कक्षामा सहभागी हुने व्यक्तिहरूले मन्थली नगरपालिका सरहद भित्र स्थायी बसोवास भएको खुल्ने नागरिकता वा परिचयपत्र पेश गर्नुपर्नेछ ।

५. तयारी कक्षामा सहभागी हुने आवश्यक उपयुक्त सहभागी संख्या छनौट गर्ने अधिकार मन्थली नगरपालिकालाई हुनेछ।

६. शिक्षक सेवा आयोग तयारी कक्षामा छनौट गर्दा **दलित , जनजाति , महिला र अपाङ्गता** भएका व्यक्तिलाई विशेष प्रथामिकता दिईनेछ ।